# उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मान सम्बन्धी मापदण्ड-२०८०

## पाखीबास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

पाखीबास धनकुटा

२०७३

१ नं.प्रदेश नेपाल

प्रकाशित मिति: २०८०/१०/१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को ज. ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी नगर क्षेत्रका उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मान छनौट गर्न पाख्रीबास नगर कार्यपालिकाबाट स्वीकृत देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

स्वीकृत मिति: २०८०/१०/१७ प्रमाणीकरण मिति: २०८०/१०/१८

**प्रस्तावना**

पाख्रीबास नगरपालिका अन्तर्गत रहेका शैक्षिक क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्ने सामुदायिक विद्यालय र उत्कृष्ट शिक्षकलाई प्रोत्साहन तथा सम्मान कार्यक्रमलाई प्रभावकारी र विश्वसनीय रुपमा कार्यान्वयन गर्नका लागि पाख्रीबास नगरपालिकाले **उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०** स्वीकृत गरी जारी गरेको छ।

# उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०

प्रस्तावना:- पाख्रीबास नगरपालिका अन्तर्गत रहेका शैक्षिक क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्ने सामुदायिक विद्यालय र उत्कृष्ट शिक्षकलाई प्रोत्साहन तथा सम्मान कार्यक्रमलाई प्रभावकारी र विश्वसनीय रुपमा कार्यान्वयन गर्नका लागि पाख्रीबास नगरपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस मापदण्डको नाम "उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

ख) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

क) "छनौट समिति" भन्नाले नियम ५ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

ख)"नगर शिक्षा समिति" भन्नाले पाख्रीबास नगर शिक्षा एन, २०७७ को दफा ९ बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

ग) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

घ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट निरन्तर रुपमा अनुदान प्राप्त गर्ने स्वीकृती वा अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

ङ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्दछ । सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

च)"आधारभूत विद्यालय" भन्नाले वालविकास कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ । सो शब्दले (बालविकास देखी कक्षा-३), (बालविकास देखी कक्षा-४), (बालविकास देखी कक्षा-५), (बालविकास देखी कक्षा-८), सञ्चालित विद्यालय समेत जनाउँछ ।

छ) "माध्यामिक विद्यालय" भन्नाले बालविकास देखि कक्षा १० र बालविकास देखि कक्षा १२ सम्म सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ ।

**३. उद्देश्यः** यस मार्गदर्शनको उद्देश्य निम्न रहेका छन ।

क) उत्कृष्ट विद्यालय तथा शिक्षक छनौटका अधार र मापदण्ड निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) तोकिएको आधार र मापदण्ड बमोजिम उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट गरी पुरस्कृत गर्न सहयोग गर्ने ।

ग) उत्कृष्ट छनोट हुने विद्यालय तथा शिक्षकहरुलाई प्रदान गरिने रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गदर्शन गर्ने ।

**४. निर्देशक समिति:** उत्कृट विद्यालय तथा शिक्षक छनौट कार्यक्रममा कुनै बाधा व्यवधान आई परेको खण्डमा नीतिगत निर्णय गर्न तथा कार्यक्रम संचालनका लागि समितिलाई आवश्यक निर्देशन दिनका लागि देहायबमोजिमको एउटा निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| क) नगरपालिका प्रमुख | - संयोजक |
| ख) नगरपालिका उप–प्रमुख | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) प्रशासन शाखा प्रमुख | - सदस्य |
| ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य–सचिव |

**५. छनौट समिति:**

१) नगरपालिकाका उत्कृष्ट विद्यालय र शिक्षक छनौटका लागि देहाय वमोजिम एक छनौट समिति रहनेछ।

| | |
|---|---|
| क) नगर शिक्षा समितिको संयोजक | - संयोजक |
| ख) सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) नगर शिक्षा समितिले मनोनित गरेको १ जना | - सदस्य |
| ग) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य-सचिव |

२) नियम ५ को उपनियम १ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तयार गर्न सक्नेछ।

**६. छनौट समितिको भूमिका:** दफा ५ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुने छ।

क) विद्यालयबाट प्राप्त निवेदन तथा यस मापदण्डको नियम को उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरुका आधारमा उत्कृष्ट विद्यालय मूल्याङ्कन गरी छनौट गर्ने।

ख) शिक्षकबाट प्राप्त निवेदन, विद्यालय र वि.व्य.स.को सिफारिस तथा यस मापदण्डको नियम को उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरुका आधारमा उत्कृष्ट शिक्षक मूल्याङ्कन गरी छनौट गर्ने।

ग) दफा ४ बमोजिम गठित समितिसँग समन्वय गरि उत्कृष्ट विद्यालय र शिक्षकलाई दिइने पुरस्कारको रकमको निर्धारण गर्ने ।

घ) छनौट भएका उत्कृष्ट विद्यालय तथा शिक्षकहरुको विवरण सिफारिस गर्ने।

**७. शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका:**

उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट गर्न तथा छानिएका विद्यालयहरुलाई प्रदान गरिने पुरस्कार रकमको कार्यान्वयनका सन्दर्भमा शिक्षा युवा तथा खेलकुद शाखाको भूमिका देहाय अनुसारको हुनेछ।

क) उत्कृष्ट विद्यालय तथा शिक्षक छनोटका लागि ७ दिनको म्याद राखि सूचना प्रकाशन गर्ने।

ख) प्राप्त निवेदन तथा सिफारिसहरुलाई छनौट समिति समक्ष पेश गर्ने ।

ग) छनौट समितिबाट सिफारिस भई आएका विद्यालयसँग नियम १० बमोजिमको कार्यक्रम गर्न सम्झौता गर्ने ।

घ) कार्यक्रम अनुगमन गर्ने ।

ङ) प्रगति विवरणको आधारमा रकम भुक्तानी दिने व्यवस्था मिलाउने ।

**८. उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु:**

उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु अनुसूची १ बमोजिम हुनेछन ।

**९. उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु:**

उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु अनुसूची २ बमोजिम हुनेछन ।

**१०. पुरस्कारको राशी र अन्य व्यवस्था:** यस मापदण्ड बमोजिम प्रदान गरिने पुरस्कारको राशी देहाय बमोजिम हुने छ ।

क) उत्कृष्ट विद्यालय तथा शिक्षकलाई प्रत्येक आर्थिक वर्षमा एकपल्ट प्रदान गरिने छ ।

ख) उत्कृष्ट विद्यालय पुरस्कार प्रत्येक आ.व.मा प्रथम र दोस्रो हुने विद्यालयलाई तोके बमोजिमको रकम र अनुसूची ३ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ ।

ग) प्रत्येक आ.व.मा विषयगत (अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक) रुपमा अध्यापन गर्ने पाँच जना उत्कृष्ट शिक्षकलाई तोके बमोजिमको रकम र अनुसूची ४ बमोजिमको प्रमाणपत्र प्रदान गरिने छ ।

घ) उत्कृष्ट विद्यालय तथा शिक्षकलाई प्रदान गरिने पुरस्कार रकम दफा ४ बमोजिम गठित समितिले तोके बमोजिम हुनेछ ।

**११. पुरस्कार कार्यान्वयन सम्बन्धी मापदण्ड:**

उत्कृष्ट विद्यालय पुरस्कार विद्यालयले वि.व्य.स.को निर्णयानुसार शैक्षिक उपलब्धी तथा गुणस्तर वृद्धि हुने क्षेत्रमा प्रचलित आर्थिक कार्यविधि तथा नियम अनुसार मात्र खर्च गर्नुपर्नेछ अन्यथा कानुन बमोजिम कारवाही हुनेछ ।

**१२. बचाउ:** यस मापदण्डमा लेखेको विषयको हकमा यसै बमोजिम र नलेखेको कुरा प्रचलित कानुन अनुसार हुनेछ ।

**१३. संसोधन:** नगर कार्यपालिकाको आवश्यकतानुसार यो मापदण्ड संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

# अनुसूची १

## उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु

| क्र.स | विवरण | कार्यान्वयन को अवस्था | विद्यालयको स्वमूल्याङ्कन | समितिको मूल्याङ्कन | मूल्याङ्कनका आधार |
|---|---|---|---|---|---|
| | | लक्ष्य प्रगति | प्राप्ताङ्क | प्राप्ताङ्क | १०० पूर्णाङ्कमा परिक्षण गरिने |
| १ | बैठक र निर्णय कार्यान्वयन | १० | | | |
| | विद्यालय व्यवस्थापन समितिको बैठक सङ्ख्या<br>शिक्षक अभिभावक संघ बैठक सङ्ख्या<br>शिक्षक स्टाफ - खाजा व्यवस्थापन समितिको वैठक सङ्ख्या | ४ | | | लक्ष्य अनुसार बैठक बसेमा ४ अङ्क लक्ष्यको ७५ प्रतिशत भए २ अङ्क र कुनैपनि नभएमा शुन्य अङ्क |
| | विद्यालयमा गठित विभिन्न समितिका बैठकको निर्णयको कार्यान्वयन | ४ | | | समितिमा भएका महत्वपूर्ण निर्णय सबै कार्यान्वयन भएमा पूर्णाङ्क मानी सोही अनुपातमा अङ्क |
| | विद्यालय योजना / गुरु योजना निर्माण | २ | | | समयअनुसार अद्यावधिक भएको भए २ अङ्क र योजना मात्र बनेको भए १ अङ्क |
| २ | विद्यालयको नाममा रहेको जग्गा एवम् स्रोतको उपयोगको अवस्था | १० | | | |
| | भवन, कोठा र फर्निचरको पर्याप्तता र अनुकुलता | ३ | | | पर्याप्त र विद्यार्थी अनुकुल (विद्यार्थीको उचाइ र अपाङ्गताका आधारमा) भएमा ३ अङ्क अन्य अवस्था हेरी पर्याप्त भएमा २ अङ्क र अपर्याप्त भएमा १ अङ्क |
| | खेल मैदान र खानेपानीको पर्याप्तता | २ | | | पर्याप्त भए २ र सामान्य भए १ अङ्क |
| | शौचालय | २ | | | छात्र छात्राको लागि छुट्टा छुट्टै भएमा २ |
| | पुस्तकालयको व्यवस्था | १ | | | उपलब्ध भएमा १ |
| | प्रयोगशाला (विज्ञान र कम्प्युटर) | २ | | | दुवै भएमा २ र एक वटा मात्र भएमा १ |
| ३ | पारदर्शीता सम्बन्धी क्रियाकलाप | १० | | | |
| | विद्यालयबाट सम्पादन भएका क्रियाकलाप नियमित रूपमा शैक्षिक तथ्याङ्कसहितको ब्रोसियर प्रकाशन वा वेभसाइट वा भित्तेसूचना प्रकाशन मार्फत सार्वजनिकरण | ४ | | | शैक्षिक तथ्याङ्कसहितको ब्रोसियर वा वेभसाइट वा नियमित भित्ते सूचना वा अन्य कुनै प्रकाशन मार्फत सार्वजनिक गरेमा ४ अङ्क अन्य कुनै माध्यमबाट आशिक जानकारी गराएमा २ |
| | सूचनापाटी र सूचना टाँसको व्यवस्था | २ | | | अद्यावधिक सूचना पाटीमा राख्ने गरेमा २ र व्यवस्था मात्र भएमा १ |
| | गुनासो पेटिका, कार्यान्वयन र अभिलेखिकरण | २ | | | गुनासो पेटिकासहित सुनुवाइ संयन्त्र भए २ र गुनासो पेटिका मात्र भए १ |
| | विद्यालयको आय व्ययको विवरण सार्वजनिक | २ | | | आय व्ययको विवरण सार्वजनिक गरेमा २, अभिलेख मात्र राखेमा १ |
| ४ | तथ्याङ्क विवरण एवम् विद्यालय प्रोफाइलको प्रयोग | ८ | | | |
| | आफ्नो विद्यालयमा आउने सम्भाव्य विद्यालय उमेर समूहका जम्मा बालबालिकाको तथ्याङ्क सङ्कलन र अभिलेखिकरण | २ | | | घरदैलोमै पुगी तथ्याङ्क सङ्कलन र खण्डीकृत अभिलेख राखेमा २, कुनै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निकायबाट वा सोधपुछबाट तथ्याङ्क सङ्कलन गरेमा १ |
| | भर्ना भएका विद्यार्थीको समष्टिगत अभिलेख तयार गरी IEMIS अद्यावधिक गरेको | २ | | | प्रविधिको माध्यमबाट EMIS अपडेट गरी प्रकाशित गरेमा २, अपडेट मात्र गरेमा अभिलेखहरू टिपोट सम्म गरेमा १ |
| | विद्यालय प्रोफाइल अद्यावधिक गरेको | २ | | | प्रोफाइल अद्यावधिक गरी IEMIS समावेश गरेको |
| ५ | विद्यालय सञ्चालन / उपलब्धी | २२ | | | |
| | वार्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन | २ | | | निर्माण मात्र भएमा १, कार्यान्वयन समेत भएमा २ |
| | २२० दिन भन्दा बढी विद्यालय खुलेको | २ | | | खुलेको दिनलाई पूर्णाङ्क मानि अङ्क दिने |
| | १९२ पढाइ भएको दिन | २ | | | पढाइ भएको दिनलाई पूर्णाङ्क मानि अङ्क दिने |
| | विद्यालयमा सञ्चालित कक्षा मध्ये माथिल्लो कक्षा (५,८ र १० मध्ये एक) का विद्यार्थीहरुले नेपाली अङ्ग्रेजी र विज्ञान विषयमा प्राप्त गरेको ओषत सिकाइ उपलब्धी | १६ | | | सत्तरी प्रतिशत भन्दा बढी भएमा १६, साठीदेखि उनसत्तरी प्रतिशत भएमा १२, पचासदेखि उन्साठी प्रतिशत भएमा ८, चालीसदेखि उन्पचास प्रतिशत भएमा ६ र सो भन्दा कम भएमा ५ अङ्क दिने । अक्षराङ्क पद्धति अवलम्बन भएमा सोही आधारमा अङ्कन गर्ने |
| ६ | आर्थिक प्रणालीको व्यवस्थापन | १० | | | |
| | आय व्ययको अभिलेख अद्यावधिक गरेको | ३ | | | अघिल्लो ५ वर्षदेखिको भएमा ३, २ वर्ष देखिको भएमा २ र चालु वर्षको मात्र भएमा १ |
| | अघिल्लो वर्षको लेखा परीक्षण सम्पन्न गरेको | २ | | | आन्तरिक र बाह्य |
| | लेखा परीक्षण प्रतिवेदनले दिएका सुझावको कार्यान्वयन | २ | | | पूरै गरेमा २, आशिक भएमा १ |
| | बेरुजुको अवस्था | ३ | | | (बेरुजु शून्य भएमा ३, खर्च रकमको पाँच प्रतिशत भन्दा कम भएमा १ |
| ७ | विद्यार्थीको सुविधा तथा सहयोग | १५ | | | |
| | तोकिएको तहका लागि मापदण्ड बमोजिमको दिवा खाजा उपलब्ध भएमा | ३ | | | खाजाको तीनैवटा पक्ष मेनु, मापदण्ड र मात्रा मिलेमा ३, दुईवटा मिलेमा २ र एक वटा मात्र मिलेमा १ |
| | विद्यालयमा स्काउट, रेडक्रस, बालक्लब गठन भइ क्रियाशील रहेका | २ | | | गठन भइ क्रियाशील रहेमा २ र गठन मात्र भएमा १ |
| | लक्षित समूहका विद्यार्थीहरूलाई छात्रवृति विवरण | ५ | | | सार्वजनिक समारोह गरी लक्षित सबैलाई वितरण गरेमा, समारोह विना वितरण गरेमा र केहीलाई मात्र वितरण गरेमा क्रमशः ५,३, १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यार्थीको स्वास्थ्य उपचारको व्यवस्था | २ | | | स्वास्थ्य सेवा प्रदायकसँगको सहकार्य (स्वास्थ चौकी वा नर्स) मा सेवाप्रवाह गरेमा २ अन्य अवस्थामा १ अङ्क |
| | अतिरिक्त क्रियाकलाप विद्यालय, अन्तर विद्यालय, अन्तर जिल्ला खेलकुद प्रतियोगितामा सहभागिता र पुरस्कृत | ३ | | | विद्यालयले प्राप्त गरेका शिल्ड, पदक तथा प्रमाणपत्रको सङ्ख्याका आधारमा ३ अङ्क आन्तरिक प्रतियोगिता सञ्चालन गरेमा १ |
| ८ | कार्यसम्पादन संस्कृति | १५ | | | |
| | नियमानुसार प्रधानाध्यापकको नियुक्ति | २ | | | नियमानुसार प्रअको नियुक्ति भएमा २ नभएमा १ अङ्क |
| | शिक्षकले कक्षामा विताएको समयको अभिलेख राख्ने गरिएको | ३ | | | साप्ताहिक, पाक्षिक वा मासिक वा वार्षिक रूपमा अभिलेख राखेको अवस्थामा अङ्क प्रदान गर्ने |
| | शिक्षकलाई जिम्मेवारी तोकिएको | २ | | | प्रधानाध्यापक तथा शिक्षकको कोठामा टास गरेको हुनुपर्ने। |
| | स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन | २ | | | निर्माण मात्र गरेको भए १ र पठनपाठन समेत भएकोमा २ |
| | तहगत शिक्षक इन्चार्जको व्यवस्था भएको | १ | | | आधारभूत र माध्यमिक तह |
| | विद्यालयले आफ्नै पहलमा सञ्चालन गरेको रचनात्मक कार्य | ५ | | | कार्यक्रमले पारेको प्रभावलाई हेरेर उत्कृष्ट भएमा ५, राम्रो भएमा ३ र सन्तोषजनक भएमा २ अंक |
| कूल जम्मा | | १०० | | | |

## अनुसूची २

**उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु**

| क्र.स. | विवरण | मूल्याङ्कनका आधार | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्य अनुभव | ५ वर्ष सम्मको कार्यअनुभव भए ५ अङ्क, ७ वर्ष सम्मको कार्यअनुभव भए ७ अङ्क र सो भन्दा माथि भए १० अङ्क | १० | | |
| २ | शैक्षिक उपलब्धी | आफूले अध्यापन गर्ने विषयको पछिल्लो २ बर्षको औसत जीपीए २ भए ७ अङ्क, २.५ सम्म भए १५ अङ्क र ३ भन्दा माथि भए २५ अङ्क | २५ | | |
| ३ | शैक्षिक योग्यता | न्यूनतम शैक्षिक योग्यता मात्र भए ३ अङ्क र माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क | ५ | | |
| ४ | विशेष जिम्मेवारी | विशेष जिम्मेवारी लिएको भए ५ अङ्क | ५ | | |
| ५ | तालिम | TPD, ICT र अन्य कुनै पनी विद्यार्थीको शैक्षिक उपलब्धी वृद्धि हुने तालिम लिएको भए ५ अङ्क कुनै १ तालिम लिएको भए ३ अङ्क, नलिएको भएमा शुन्य अङ्क | ५ | | |
| ६ | प्रवर्धानात्मक कार्यहरु | शिक्षकले गरेका प्रवर्धनात्मक काम सङ्ख्याका आधारमा प्रति प्रवर्द्धनात्मक कार्यको २ अङ्कका दरले बढीमा १० अङ्क | १० | | |
| ७ | अध्ययन अनुसन्धान | आफूले अध्यापन गर्ने विषयमा पछिल्लो २ वर्षमा गरेका अनुसन्धानको संख्या २ सम्म भए ५ अङ्क सो भन्दा बढी संख्यामा भए १० अङ्क | १० | | |
| ८ | सुचना तथा सञ्चार प्रविधिको प्रयोग | सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने भए शुन्य अङ्क आफूले मात्र जानेको तर कक्षाकोठामा प्रयोग नगरेको भए ५ अङ्क र कक्षाकोठामा प्रयोग गरेको भए १० अङ्क | १० | | |
| ९ | कक्षाकोठा व्यवस्थापन | नियमित गृहयकार्य परीक्षण, मासिक जाँच र एकाई जाँच जस्ता सूचक सबै प्राप्त भएमा १० अङ्क कुनै दुईमात्र सूचक प्राप्त भएमा ५ अङ्क र कुनैपनि नभएमा शुन्य अङ्क | १० | | |
| १० | नियमितता | विद्यालयमा शिक्षकको हाजिरी विद्यालय खुलेको दिनको ८५ देखी ९० प्रतिशत भए ३ अङ्क सो भन्दा माथी भए ५ अङ्क र माथिका कुनैपनि नभएमा शुन्य अङ्क | ५ | | |
| ११ | सरोकारवालासँगको सम्बन्ध | विद्यार्थीको सिकाइस्तर र सिकाई उपलब्धीका बारेमा वि.व्य.स., स्टाफ बैठकमा र अभिभावकसँग छलफल गरेमा ५ अङ्क कुनै २ सरोकारवालासँग छलफल गरेमा ३ अङ्क र कुनैपनि नभएमा शुन्य अङ्क | ५ | | |
| जम्मा | | | १०० | | |

**नोट: माथी उल्लेखित ४, ६, ८, ९ र ११ नं. को मुल्यांकनको आधारको हकमा शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापको हकमा वि.व्य.स. अध्यक्षले आवश्यक कागजात सहित सिफारिस गर्नुपर्ने छ ।**

अनुसूची ३

उत्कृष्ट विद्यालयलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास, धनकुटा
## २०७३
## कोशी प्रदेश, नेपाल

**<u>प्रमाणपत्र</u>**

पाखीबास नगरपालिकाको मिति.......................... को निर्णयानुसार कार्य सम्पादनमा पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मुल्याङ्कन गर्दै त्यस श्री ................................ विद्यालयलाई आ.व. ...........को उत्कृष्ट विद्यालय सम्मान पुरस्कार सहित स-धन्यावाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| .......................... | .......................... | ........................ | ...................... |
| नाम / थर | नाम / थर | नाम / थर | नाम / थर |
| शिक्षा शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

अनुसूची ४

उत्कृष्ट शिक्षकलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास, धनकुटा
## २०७३
## कोशी प्रदेश, नेपाल

## प्रमाणपत्र

पाखीबास नगरपालिकाको मिति.......................... को निर्णयानुसार कार्य सम्पादनमा पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मुल्याङ्कन गर्दै तपाई श्री ............................... लाई आ.व. ...........को उत्कृष्ट शिक्षक सम्मान पुरस्कार सहित स-धन्यावाद यो प्रमाणपत्र प्रदान गरिएको छ। साथै तपाईको उत्तरोत्तर प्रगतीको कामना गर्दछौ।

| | | | |
|---|---|---|---|
| ........................... | .......................... | .......................... | ..................... |
| नाम/थर | नाम/थर | नाम/थर | नाम/थर |
| शिक्षा शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |